United States Embassy Kathmandu



# Art in Embassies Exhibition

Tsherin Sherpa

**Untitled** | *2018*

*Gold leaf, acrylic and ink on canvas*

*52 x 59 in. (132,1 x 149,9 cm)*

*Courtesy of the artist and Rossi and Raossi Gallery*

# Art in Embassies

Established in 1963, the U.S. Department of State's office of Art in Embassies (AIE) plays a vital role in our nation's public diplomacy through a culturally expansive mission, creating temporary and permanent exhibitions, artist programming, and publications. The Museum of Modern Art first envisioned this global visual arts program a decade earlier. In the early 1960s, President John F. Kennedy formalized it, naming the program's first director. Now with over 200 venues, AIE curates temporary and permanent exhibitions for the representational spaces of all U.S. chanceries, consulates, and embassy residences worldwide, selecting and commissioning contemporary art from the U.S. and the host countries. These exhibitions provide international audiences with a sense of the quality, scope, and diversity of both countries' art and culture, establishing AIE's presence in more countries than any other U.S. foundation or arts organization.

AIE's exhibitions allow foreign citizens, many of whom might never travel to the United States, to personally experience the depth and breadth of our artistic heritage and values, making what has been called a: "footprint that can be left where people have no opportunity to see American art."

सन् १९६३ मा स्थापित अमेरिकी विदेश मन्त्रालयको आर्ट इन एम्बेसीज (एआइई) को कार्यालयले अस्थायी तथा स्थायी कला प्रदर्शनी, कलाकारसम्बद्ध कार्यक्रम तथा प्रकाशनहरूको एक बृहत् सांस्कृतिक अभियानको माध्यमबाट हाम्रो राष्ट्रको कूटनीतिक जनसम्पर्कको क्षेत्रमा एक महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ । स्थापनाको एक दशक अगाडि नै म्युजियम अफ मोडर्न आर्टले यस्तो विश्वव्यापी भिजुअल आर्ट कार्यक्रमको कल्पना गरेको थियो । सन् १९६० को दशकको पूर्वार्धमा राष्ट्रपति जोन एफ. केनेडीले कार्यक्रमको लागि पहिलो निर्देशकको नाम घोषणा गरे लगत्तै कार्यक्रमले औपचारिक रूप लिएको हो । एआइईले अमेरिका तथा आतिथ्य राष्ट्रका समकालीन कलाहरूको छनौट गरी अमेरिकी दूतावास, कन्सुलेट र दूतावाससम्बद्ध आवासगृह लगायत विश्वभरका २०० भन्दा बढी प्रतिनिधि स्थानमा अस्थायी तथा स्थायी प्रदर्शनीहरू सञ्चालन गर्दछ । यस्ता प्रदर्शनीले अन्तर्राष्ट्रिय दर्शकसमक्ष दुबै राष्ट्रका कला र संस्कृतिमा रहेका गुणस्तर, सम्भाव्यता र विविधताको बोध दिलाउने गर्छन् । अन्य कुनै पनि अमेरिकी संस्था वा कला प्रतिष्ठानको दाँजोमा एआइईको उपस्थिति धेरै राष्ट्रमा रहेको छ ।

एआइईका प्रदर्शनीहरूले विदेशी नागरिकहरूलाई हाम्रो कलात्मक सम्पदा र मूल्यमान्यताहरूको चौडाइ र गहिराइमा व्यक्तिगत रूपमा अनुभव गर्ने अवसर प्रदान गर्छन् । यी प्रदर्शनीले संयुक्त राज्य अमेरिकाको भ्रमण गर्ने अवसर नपाएका विदेशी नागरिकहरूका लागि पनि एक राम्रो अवसर प्रदान गर्ने भएकोले यिनलाई "मानिसहरूले जहाँ अमेरिकी कलाको अवलोकन गर्ने अवसर पाउँदैनन् त्यहाँ छोड्न सकिने पदचिह्न" पनि भनिएको छ ।

https://art.state.gov/

# Welcome

I am in awe of the unparalleled ability of artists to convey not only shape, color, and depth, but far more importantly, to produce a story, an emotion, a moment in time, space, or faith, or a pride in cultural heritage and icons. In selecting works for this exhibition, I sought artists and pieces that focused on inspiration from the natural and cultural world of my childhood in the U.S. state of Colorado. The great American Southwest is featured here – a blend of diverse topography, from the Sangre de Cristo range of the Rocky Mountains, to the great high deserts, to the broad agricultural valleys and expansive forests that form south and southwest Colorado's natural tableau. That diversity is also matched by a cultural parallel, and we've focused on cultural items that communicate my home state's diverse makeup, including its rich Native American and Hispanic heritage. I'm proud also to feature the iconic works of two renowned local Nepali and Tibetan master artists, and their students, both with American heritage, who provide a modern interpretation of ancient tradition.

Compelling art is that which produces a deep response. Birger Sandzén's *Cedars in the Foothills* was painted by this iconic Middle America painter nearly a century ago in Manitou Springs, Colorado, and is a work I've personally known and admired for more than 35 years, when I first saw it as a young university student at Bethany College. Both Harlan Donovan's rustic 1972 work, and contemporary artist Sheila Dunn's 2018 painting take an identical subject – the mountains that I called home as a youth – and interpret that natural environment in wildly different ways, both to great effect. Michael Kessler's *Revealed 6* evokes the great Aspen groves of stark white bark that populate the mountain slopes across the state. Dan Namingha's *Hopi Montage* and Tony Abeyta's *Infinite Wisdom*

कलाकारहरूसँग आकार, रङ, र गहिराइलाई प्रकट गर्ने अद्धितीय क्षमता हुन्छ । त्यति मात्र नभई उनीहरू कथा, भावना, पल, स्थान, वा आस्था, वा सांस्कृतिक सम्पदा र तस्बिरमा गर्व सिर्जना गर्न सक्छन् । यो अत्यन्त महत्त्वपूर्ण कुरा हो र उनीहरूको यस्तो अद्धितीय क्षमताले मलाई हर्षित तुल्याउँछ । यस सङ्कलनका निम्ति कलाकृति छान्ने क्रममा मैले त्यस्ता कलाकार र कला सामग्रीको खोजी गरेँ जुन मेरो बाल्यकाल बितेको अमेरिकाको कोलोराडो राज्यको प्राकृतिक तथा सांस्कृतिक दुनियाँबाट प्रेरित भएका छन् । यहाँ अमेरिकाको महत्त्वपूर्ण दक्षिणपश्चिमी क्षेत्रलाई प्रस्तुत गरिएको छ । यहाँ कोलोराडोको दक्षिण र दक्षिणपश्चिमी प्राकृतिक तस्बिर झल्काउने रकी माउन्टेन्सको साङ्ग्रे दे क्रिस्टो शृङ्खलादेखि लिएर विशाल उच्च मरुभूमि, खेतीपातीका फराकिला उपत्यका र व्यापक वनजङ्गलसम्मका विविध भौगोलिक संरचनाको सम्मिलन देख्न सकिन्छ । त्यस विविधतासँग सांस्कृतिक समानान्तरको मेल गराइएको छ र मेरो गृहराज्यको समृद्ध आदिवासी अमेरिकी तथा हिस्पानिक सम्पदा लगायतको विविध संरचनासम्बन्धी सन्देश प्रवाह गर्ने सांस्कृतिक सामग्रीहरूमाथि हामीले जोड गरेका छौँ । साथै, दुई ख्यातिप्राप्त स्थानीय नेपाली तथा तिब्बती मास्टर आर्टिस्ट र उहाँका विद्यार्थीहरूका प्रतिष्ठित कलाकृति संलग्न गर्न पाउँदा मलाई गर्व लागेको छ । उहाँहरू दुवै जनासँग अमेरिकी सम्पदाको अनुभव छ र उहाँहरूले प्राचीन परम्पराको आधुनिक व्याख्या प्रस्तुत गर्नुभएको छ ।

सशक्त कला त्यो हो जसले गहिरो प्रतिक्रिया उत्पन्न गर्दछ । मध्य अमेरिकाका प्रतिष्ठित कलाकार बिर्गर सन्जेनले “सिडर्स इन द फुटहिल्स” शीर्षकको चित्र झन्डै एक शताब्दीअघि कोलोराडोको मेनेटु स्प्रिङ्समा बनाउनुभएको थियो । यस कलाकृतिसँग म व्यक्तिगत रूपमा ३५ वर्षभन्दा लामो समयदेखि परिचित छु । बेथनी कलेजमा विश्वविद्यालयको कलिलो विद्यार्थी छँदा पहिलो पटक यो चित्र देखेदेखि नै म यसको प्रशंसक रहँदै आएको छु । सन् १९७२ मा हार्लन डनभनले सिर्जना गरेको ग्रामीण कला र समकालीन कलाकार शिला डनले सन् २०१८ मा तयार पारेको सिर्जनाले उही विषय उठाएका छन् – ती पर्वतहरू, जसलाई म युवा छँदा आफ्नो घर भन्थेँ । त्यस प्राकृतिक वातावरणलाई अत्यन्त फरक तरिकाबाट व्याख्या गरिएको छ र दुवै कलात्मक सिर्जना निकै प्रभावशाली छन् । माइकल केस्लरको चित्र “रिभिल्ड सिक्स” ले कोलाराडो राज्यभर पर्वतका भिरपाखा ढाक्ने गरी पलाएका तेजिला सेता बोक्रा हुने एस्पनका घारीहरूको स्मरण गराउँछ ।

evoke traditional Native American iconography familiar to me from my earliest memories.

I am thrilled to focus five works that bridge the cultural gap between the United States and Nepal. Master artist Rabindra Shakya's *Bhairav* mask will look familiar to local audiences, and builds on a centuries-old local tradition of *repoussé* metalworking; Maureen Drdak's *Burning World 3* evokes not only a powerful response, but uses *repoussé* techniques drawn from directly from Shakya's artistry. Master thangka painter Urgen Dorje has shared his amazingly complex *Peaceful and Wrathful Mahayoga Deities Mandala*, and I'm thrilled to be able to show it alongside the contemporary work of his student – and his son – American artist Tsherin Sherpa, who takes his training as a traditional thangka painter and radically reinterprets the form. Finally, Tom Davis' *Ceramic and Florida Rosewood* pottery reflects great complexity and the natural element. I'm proud also to note that Mr. Davis, now a successful artist, lived and worked in Nepal as a member of our U.S. Mission family a decade ago.

To all of the artists and galleries that have graciously contributed their work to this exhibition, I am extremely thankful. I would also like to extend my warmest thanks to the Washington, D.C., based Art in Embassies team who pulled this show together, especially Curator Sarah Tanguy. Her team, also critical in the success of this exhibition, includes Danielle Giampetro, Tabitha Brackens, Tori See, and Amanda Brooks.

I hope you enjoy this exhibition – and I hope the works included here leave you with a feeling, an impression, or an emotion that you carry along with you.

Randy W. Berry, United States Ambassador

Kathmandu
September 2019

ड्यान नमिङ्गाको “होपी मोन्ताज” र टोनी अबेटाको “इनफिनेट विस्डम” ले परम्परागत आदिवासी अमेरिकी चित्रात्मकता प्रस्तुत गरेका छन्, जससँग म लामै समयदेखि परिचित छु ।

संयुक्त राज्य अमेरिका र नेपालको सांस्कृतिक दूरीबिच सेतुको काम गर्ने पाँच कलाकृतिलाई यस प्रदर्शनमा समावेश गर्न पाउँदा मलाई खुशी लागेको छ । मास्टर आर्टिस्ट रविन्द्र शाक्यले तयार पारेको “भैरव” को मखुन्डो स्थानीय दर्शकलाई सुपरिचित लाग्नेछ, जुन शताब्दीऔँ पुरानो रेपोजे धातुपत्रकला परम्पराको जगमा बनेको छ । मरीन डर्डाकको “बर्निङ वर्ल्ड थ्री” ले सशक्त प्रतिक्रिया उत्पन्न गर्छ । त्यति मात्र नभई यसमा शाक्यको कलाबाट प्रत्यक्ष लिइएका रेपोजे विधिहरूको पनि प्रयोग भएको छ । मास्टर थाङ्का पेन्टर उर्गेन दोर्जेले आफ्नो आश्चार्यलाग्दो र जटिल कलाकृति “पिसफुल एन्ड र्‍याथफुल महायोग डेइटीज मण्डल” हामीसँग बाँड्नुभएको छ । उहाँको कामलाई उहाँकै शिष्य र छोरा, अमेरिकी कलाकार छिरिङ शेर्पाको समकालीन कलाकृतिसँगै प्रदर्शन गर्न पाउँदा मलाई खुशी लागेको छ । परम्परागत थाङ्का कलामा तालिमप्राप्त छिरिङले आमूल रूपमा थाङ्काकै पुनर्व्याख्या गर्नुभएको छ । अन्त्यमा टम डेभिaसको “सेरामिक एन्ड फ्लोरिडा रोजवुड” शीर्षकको कलाकृतिले गहन जटिलता र प्राकृतिक तत्त्वलाई प्रतिविम्बित गर्दछ । अहिलेका सफल कलाकार डेभिसले चार दशकअघि नेपालमा अमेरिकी नियोग परिवारका एक सदस्यका रूपमा काम गर्नुभएको थियो भन्न पाउँदा मलाई गर्व लाग्छ ।

यस सङ्कलनका निम्ति कृपापूर्वक आफ्नो कलाकृति उपलब्ध गराउने सम्पूर्ण कलाकार तथा ग्यालरीहरूलाई म मुरीमुरी धन्यवाद दिन चाहन्छु । साथै, वाशिङ्टन, डी.सी. स्थित आर्ट इन एम्बेसीज टोली र खास गरी क्युरेटर सेरा टङ्गीलाई पनि धेरै धन्यवाद दिन चाहन्छु, जसले यस प्रदर्शनीलाई सम्भव बनाउनुभएको छ । यस सङ्कलनको सफलतामा अहम् भूमिका निर्वाह गर्ने उहाँको टोलीमा डेनिएल जम्पेत्रो, ट्याबिथा ब्याकेन्स, टोरी सी, र एमान्डा ब्रुक्स हुनुहुन्छ ।

मलाई आशा छ तपाईँहरूलाई यो सङ्कलन रमाइलो लाग्नेछ । साथै, यहाँ समावेश गरिएका कलाकृतिले तपाईँहरूलाई एक यस्तो अनुभूति, छाप, वा भावनाका साथ छोडेर जानेछन् जुन तपाईँ आफूसँगै लिएर जानुहुनेछ भन्ने पनि मलाई आशा लागेको छ ।

र्‍यान्डी डब्लु. बेरी, अमेरिकी राजदूत

काठमाडौँ
सेप्टेम्बर २०१९

# Tony Abeyta (1965)

Tony Abeyta is a Navajo artist working in mixed media paintings. He is a graduate from New York University with an honorary doctorate from the Institute of American Indian Arts in Santa Fe. He was a recipient of the New Mexico Governor's Excellence in the Arts award, and recognized as a Native treasure by the Museum of Indian Arts & Culture. His art is included in the Smithsonian's National Museum of the American Indian, Washington, D.C.; Boston Fine Arts Museum, Massachusetts; and the Heard Museum in Phoenix, Arizona, as well as in many other public and private collections.

Abeyta's primary focus has been on painting the emotional experience he finds in the New Mexico landscape: "There exists a rhythm in the land where I was born. I spend a lot of time deciphering the light, the cascades of mesas into canyons, the marriage between earth and sky and the light as it constantly changes at whim, the intensity of rock formations, and the sage and chamisa that accent this poetic experience, unlike any where else I have seen. I am beckoned to remember it and then to paint it."

*Infinite Wisdom* is part of a 2015 print series, *Contemporary Native Images*, resulting from a collaboration between the U.S. Department of State's Art in Embassies Program and the Institute of American Indian Arts in Santa Fe, New Mexico.

टोनी अबेटा मिक्स्ड मिडिया पेन्टिङको काम गर्ने एक न्याभहो कलाकार हुन् । उनले न्यू योर्क विश्वविद्यालयबाट पढाइ पूरा गरी न्यू मेक्सिकोको सान्टा फेस्थित इन्स्टिट्युट अफ अमेरिकन इन्डियन आर्ट्सबाट मानार्थ विद्यावारिधि प्राप्त गरेका छन् । अबेटा न्यू मेक्सिकोका गभर्नरको एक्सलेन्स इन द आर्ट्स पुरस्कारको प्राप्तकर्ता हुन् र उनी म्युजियम अफ इन्डियन आर्ट्स एन्ड कल्चरबाट नेटिभ ट्रेजरको मान्यताप्राप्त छन् । उनको कला वाशिङ्टन डी.सी. स्थित स्मिथ्सोनियन नेसनल म्युजियम अफ द अमेरिकन इन्डियन, म्यासचुसेट्सस्थित बस्टन म्युजियम अफ फाइन आर्ट्स, एरिजोनाको फिनिक्सस्थित हर्ड म्युजियममा र अन्य थुप्रै सार्वजनिक तथा निजी सङ्ग्रहहरूमा समाविष्ट छ ।

अबेटाको मुख्य ध्यान न्यू मेक्सिकोको भूदृश्यमा उनले प्राप्त गर्ने भावनात्मक अनुभूतिको चित्र बनाउनमा केन्द्रित छ । "म जन्मेको भूमिमा एउटा लय छ । मैले देखेको अरू ठाउँभन्दा भिन्न यस ठाउँको प्रकाश, पठारहरूका घाटीहरूमा रूपान्तरण, धर्ती र आकाशको समागम, लहडमै निरन्तर परिवर्तन भइरहने प्रकाश, चट्टान गठनको उत्कटता र यस काव्यात्मक अनुभूतिलाई अझ तीव्र पार्ने ज्ञान र आकर्षणलाई बुझ्न म घण्टौं बिताउँछु । यसको सम्झना गर्ने र त्यसपछि यसको चित्र बनाउने इसारा हुन्छ मलाई ।"

अमेरिकी विदेश मन्त्रालयको आर्ट इन एम्बसिज कार्यक्रम र न्यू मेक्सिकोको सान्टा फेस्थित इन्स्टिट्युट अफ अमेरिकन इन्डियन आर्ट्सबिचको सहकार्यको परिणाम इन्फिनिट विज्डम सन् २०१५ को प्रिन्ट शृङ्खला कन्टेम्पोरेरी नेटिभ इमेजेज को एक अंश हो ।



# Tom Davis (1941)

"To throw the clay means to bend it between your finger joints."

Tom Davis took up pottery in South Korea where he was stationed as a captain in the U.S. Air Force. His teacher was potter Angelo Garzio who specialized in Raku ware, a type of Japanese pottery customarily used in tea ceremony since the 16th century. Raku means 'enjoyment,' 'comfort,' or 'ease' and it is characterized by being hand-shaped rather than just thrown. In Davis's practice, which he likens to alchemy, he adds decorative touches by hand after the bowl has been thrown on the wheel and rested. Then he finishes the piece using the low-firing bisque process that starts with under-glazing and an initial firing, and ends with glazing and a second firing. The final work rests on a stand of his own carving and design.

Davis graduated from the University of Iowa, Iowa City, and joined the U.S. Air Force, serving assignments both in the U.S. and overseas. Currently a resident of St. Petersburg, Florida, he practices his pottery at a studio in the historic Morean Center for Clay located in the city's Warehouse Arts District.

'माटो थ्रो गर्नु भनेको औँलाका जोर्नीहरुबिच त्यसलाई बङ्ग्याउनु हो ।'

टम डेभिसले पटरी उनी दक्षिण कोरियामा अमेरिकी वायु सेनाको क्याप्टेन पदमा कार्यरत छँदा सुरु गरेका हुन् । उनका गुरु थिए एन्जलो गार्जिओ जसको विशेषज्ञता १६औँ शताब्दीदेखि चिया समारोहमा चलनचल्तीमा रहेको एक प्रकारको जापानी पटरी राकु थियो । राकुको अर्थ 'रमाइलो,' 'आरामपन,' वा 'सहजता' हो र यसको विशेषता भनेको केवल कुमालेको चक्रमा बनाउनु नभई माटोलाई हातैले आकार दिनु हो । डेभिसले किमियागिरीसँग तुलना गर्ने आफ्नो अभ्यासमा भाँडालाई चक्रमा आकार दिइसकेर केही समय बाहिर राखेपछि उनी हातैले सजावट थप्छन् । तत्पश्चात्, अन्डर-ग्लेजिङ र प्रारम्भिक फायरिङबाट सुरु भई ग्लेजिङ र दोस्रो फायरिङमा अन्त्य हुने लो-फायरिङ बिस्क प्रक्रिया प्रयोग गरी उनी उक्त कलाकृति पूर्ण गर्छन् । सम्पन्न भइसकेको कृति उनको आफ्नै कुँदाई र बनावटसहितको तखतामा आसीन हुन्छ ।

डेभिसले आयोवा सिटीस्थित आयोवा विश्वविद्यालयबाट पढाइ पूरा गरेका हुन् र अमेरिकी वायु सेनामा प्रवेश गरी अमेरिका र विदेश दुवैमा सेवा गरेका छन् । हाल फ्लोरिडाको सेन्ट पिटर्सबर्गका बासिन्दा उनले सो नगरको वेरहाउस आर्ट्स डिस्ट्रिक्टमा अवस्थित ऐतिहासिक मोरिअन सेन्टर फर क्लेको एक स्टुडियोमा आफ्नो पटरीको अभ्यास जारी राखेका छन् ।



# Joseph K. Dixon

In 1908 Joseph K. Dixon set out on his first trip to the American West to record images of Native Americans. Like most European Americans of that era, Dixon saw them as a "vanishing race" – and his dream was to record them before they disappeared. During his many subsequent photographic trips and related activities over the next dozen years, he came to realize that although their lifestyles and circumstances were changing – as is true for all cultures – Native Americans were not "vanishing." The experience changed him: he went from being a recorder of traditional ways to being an advocate for the future of these people.

In 1913 Dixon spearheaded a move to establish an American Indian Memorial and urged a reconciliation between Native groups and the Federal government; in 1915 he lobbied for American citizenship for the original inhabitants of the nation; and after World War I, he publicized the sacrifice of Native American soldiers on the battlefields of Europe. Many European Americans have traveled a similar path of coming to know and respect Native Americans and their cultures, but what makes Dixon's contribution important is that he recorded his journey of discovery with his camera. The 8,000 images in the Wanamaker Collection of Native American Photographs depict Dixon's changing perceptions of Native Americans and his appreciation of the diversity of Indian cultures and the dignity of individual people.

सन् १९०८ मा जोसेफ के. डिक्सन नेटिभ अमेरिकनका तस्बिर लिन अमेरिकाको पश्चिमतर्फ आफ्नो पहिलो यात्रामा निस्किए । त्यस युगका अधिकांश युरोपेली अमेरिकन जस्तै डिक्सनले पनि उनीहरूलाई एक 'लोपोन्मुख जाति' का रूपमा देखे – र उनीहरू हराउनु अघि नै उनीहरूको रेकर्ड राख्नु उनको सपना थियो । त्यसपछिको एक दर्जन वर्षका उनका फोटो खिच्ने भ्रमणहरू र सम्बन्धित क्रियाकलापबाट उनले बुझे कि नेटिभ अमेरिकनहरूको – सबै संस्कृतिहरूको जस्तै – जीवनशैली र परिस्थिति परिवर्तन हुँदै गए तापनि उनीहरू "लोपोन्मुख" थिएनन् । यस अनुभवले उनलाई परिवर्तन गर्‍यो : उनी एक परम्परागत शैलीहरूको अभिलेखकर्ताबाट यी मानिसको भविष्यका लागि अभिवक्ता बन्न पुगे ।

सन् १९१३ मा डिक्सनले अमेरिकन इन्डियन स्मारकको स्थापनार्थ एक अभियानको अगुवाइ गरे र नेटिभ समूहहरू तथा सङ्घीय सरकारबिच मेलमिलापका लागि आग्रह गरे; सन् १९१५ मा उनले देशका प्रारम्भिक बासिन्दाका लागि अमेरिकी नागरिकताका पक्षमा पैरवी गरे; र प्रथम विश्वयुद्धपछि युरोपका रणभूमिमा नेटिभ अमेरिकन सैनिकका त्यागको प्रचार गरे । नेटिभ अमेरिकन र तिनका संस्कृतिको समझ पाउन र सम्मान गर्न धेरै युरोपेली अमेरिकनहरू मिल्दोजुल्दो पथबाट गुज्रेका छन्, तर डिक्सनको योगदानलाई केले महत्त्वपूर्ण बनाउँछ भने उनले आफ्नो आविष्कारको यात्रालाई आफ्नो क्यामराले रेकर्ड गरेका थिए । नेटिभ अमेरिकनका तस्बिरको वानामेकर सङ्ग्रहका ८,००० तस्बिरहरूले नेटिभ अमेरिकनप्रति डिक्सनका बदलिँदो धारणा र इन्डियन संस्कृतिहरूको विविधता तथा अलग-अलग जनसमूहको गरिमाप्रतिको कदर चित्रण गर्छन् ।



# Harlan Donovan
(1939)





# Urgen Dorje (1944)

Born in Ngyalam, Urgen Dorje currently lives and works in Boudha, Kathmandu, Nepal. At the age of nine, he started studying traditional thangka painting with his uncle Khepa Lobsang. After three years of preliminary training, he continued to study traditional thangka art and Buddhist philosophy with five more teachers from Tibet, Bhutan, and Nepal.

Over more than six decades of his art career, Dorje taught thangka painting to many young artists including his son Tsherin Sherpa. His works are held in collection by numerous Buddhist teachers as well as western and eastern art enthusiasts, including the ex-royal family of Nepal. His art practice also includes painting dozens of Buddhist monastery murals, which can be seen even today in both Nepal and southern Tibet.

ङ्यालममा जन्मिएका उर्गेन दोर्जे हाल नेपालको काठमाडौँ जिल्लाको बौद्धमा बसोबास र काम गर्छन् । नौ वर्षको उमेरमै उनले उनका अङ्कल खेपा लोबसाङसँग परम्परागत थाङ्का चित्रको अध्ययन थाले । तीन वर्षको प्रारम्भिक तालिमपछि उनले तिब्बत, भुटान, र नेपालका गरी अरु पाँच गुरुसँग परम्परागत थाङ्का कला तथा बौद्ध दर्शनको अध्ययनलाई निरन्तरता दिए ।

छ दशकभन्दा लामो आफ्नो कला जीवनमा दोर्जेले आफ्ना छोरा छिरिन शेर्पालगायत धेरै युवा कलाकारलाई थाङ्का चित्र सिकाए । उनका कलाकृति असङ्ख्य बौद्ध गुरुहरूका साथै नेपालका पूर्व राजपरिवार लगायत पश्चिमा र पूर्वीय कला अनुरागीहरूले सङ्ग्रहमा राखेका छन् । उनका कला अभ्यासमा दर्जनौँ बौद्ध गुम्बाका म्युरलहरू पनि समाविष्ट छन् जुन नेपाल र दक्षिण तिब्बतमा आज पनि देख्न पाइन्छ ।



# Maureen Drdak (1953)

"Both ancient and contemporary practices converge in my work; the works in my *Burning World* series are transmutational 'worlds' born of global warming, cultural fragmentation, and social dislocation. They speak to the mutability and conflagratory aspect of the phenomenal world and the fugitive nature of existence--physically, intellectually, and emotionally."

Though widely traveled, Maureen Drdak's work practice has focused upon Nepal since 2005. A graduate of the Pennsylvania Academy of Fine Arts and the University of the Arts, both in Philadelphia, Drdak was awarded a Fulbright Fellowship to train under Newar *repoussé* master Rabindra Shakya—grandson of the famed Kuber Singh Shakya. Her resulting work represents the first synthesis of *repoussé* and painting. The late Dr. Mary Slusser of the Smithsonian Institution Arthur M. Sackler Gallery in Washington, D.C., judged her paintings "an inspired coupling...without antecedents." She continues to explore its expressive potential in *Ardens Mundi*, a series of monumental tondi depicting transmutational "worlds" born of the forces of global warming.

"मेरो काममा प्राचीन र समकालीन दुवै अभ्यासहरूको सङ्गम हुन्छ; मेरो बर्निङ वर्ल्ड शृङ्खलाका कृतिहरू ग्लोबल वार्मिङ, सांस्कृतिक विखण्डन, र सामाजिक विस्थापनबाट जन्मिएका रूपान्तरित 'संसारहरू' हुन् । यिनले भौतिक संसारको परिवर्तनीय र प्रज्वलनशील पक्ष तथा अस्तित्वको क्षणिक प्रकृति – भौतिक, बौद्धिक, र भावनात्मक रूपले – सँग सम्पर्क राख्छन् ।"

थुप्रै ठाउँका यात्रा गरेकी भए तापनि, मरीन डर्डाकको काम सन् २००५ देखि नेपालमाथि केन्द्रित छ । फिलाडेल्फियाको पेन्सिलभेनिया एकेडेमी अफ फाइन आर्ट्स र युनिभर्सिटी अफ द आर्ट्समा अध्ययन पूरा गरेकी डर्डाक प्रख्यात कुवेर सिंह शाक्यका नाति नेवार रेपोजे मास्टर रविन्द्र शाक्यबाट दिइने प्रशिक्षणका लागि फुलब्राइट फेलोशिप प्रदान गरिएकी थिइन् । फलत: उनका कृतिले रेपोजे र चित्रकलाको पहिलो संश्लेषणको प्रतिनिधित्व गर्छन् । वाशिङ्टन डी.सी. मा अवस्थित स्मिथ्सोनियन इन्स्टिट्युशनको आर्थर एम. स्याकलर ग्यालरीकी स्वर्गीय डा. मेरी स्लसरले उनका चित्रकलालाई "एक दिव्य मिलन...पूर्ववर्ती बिनाको" भनी मूल्याङ्कन गरेकी छिन् । ग्लोबल वार्मिङका शक्तिबाट जन्मिएका रूपान्तरित "संसारहरू" चित्रित गर्ने विशाल टोण्डीको शृङ्खला आर्देन्स मुन्दी मा उनीले यसको अभिव्यञ्जक क्षमताको अन्वेषण जारी राखेकी छिन् ।



# Sheila F. Dunn (1983)

"My latest body of work explores the integration and disintegration of identity within the contexts of relationship, gender, and culture. Through the constant process of defining and re-defining my relationship with others I have been able to confront (sometimes hesitantly and sometimes boldly) my relationship to Self. This cycle of (dis) integration is apparent in my technical approach toward the work – the fractal brushstrokes of the figure extend into the environment while traces of the environment always remain present within the figure.

"…Ultimately, I remain endlessly curious of a painting's ability to communicate independently from any figurative framework as energy broken down into color, texture, and movement."

Born and raised in the foothills of northern Colorado, Sheila Dunn currently lives and works in Bend, Oregon. She received a Bachelor of Fine Arts degree in painting with a minor in art history from Colorado State University. Her love for creating – and belief in its absolute cultural significance – was solidified while studying abroad in Castiglion Fiorentino, Italy.

Best known for her large, vibrant figure paintings, Dunn's work explores the fluid relationship between figure and environment: how each continuously informs and affects the other. At the heart of this exploration lies the notion that we both form – and are formed by – all we have seen and experienced.

मेरा कृतिका पछिल्लो सङ्ग्रहले सम्बन्ध, लिङ्ग, र संस्कृतिका सन्दर्भहरूमा पहिचानको सङ्घटन र विघटनको अन्वेषण गर्दछ । अरूसँगको मेरो सम्बन्धलाई परिभाषित र पुन: परिभाषित गर्ने अनवरत प्रक्रियामार्फत आफैसँगको मेरो सम्बन्धको सामना (कहिले हिच्किचाउँदै र कहिले निडरतापूर्वक) गर्न म सक्षम भएको छु । यस कृतिप्रतिको मेरो प्राविधिक शैलीमा सङ्घटन र विघटनको चक्र छर्लङ्ग छ – आकृतिका फ्रयाक्टल ब्रशस्ट्रोक वातावरणसम्म फैलन्छन् भने आकृतिमा वातावरणका अवशेष सधैँ उपस्थित रहन्छन् ।

"...अन्ततोगत्वा, रङ, टेक्स्चर, र चालमा टुक्र्याइएको ऊर्जाको रूपमा कुनै प्रतिकात्मक संरचनाबाट मुक्त रही संवाद गर्ने सक्ने चित्रकलाको क्षमताबारे म निरन्तर उत्सुक रहन्छु ।"

उत्तरी कोलोराडोको पहाडी फेदमा जन्मेहुर्केकी शिला डन हाल ओरेगन राज्यको बेण्डमा बसोबास र काम गर्छिन् । उनले कोलोराडो स्टेट युनिभर्सिटीबाट कलाको इतिहासमा माइनरसहित चित्रकला विषयमा ललितकलाको स्नातक तह उत्तीर्ण गरेकी छिन्। इटलीको कास्तिग्लिओ फ्योरेन्तिनोमा अध्ययनरत छँदा सृजनाप्रतिको उनको प्रेम – र यसको निरपेक्ष सांस्कृतिक महत्त्वमाथिको विश्वास – ले ठोस रूप लियो ।

ठुला, जीवन्त आकृति पेन्टिङहरूका लागि बढी प्रसिद्ध डनका कृतिले, आकृति र वातावरणबिचको तरल सम्बन्धको अन्वेषण गर्छ: कसरी एकले अर्कोलाई निरन्तर सूचित र प्रभावित गर्छ भनी। हामीले देखेका र भोगेका सबै कुरा आफैँ बनाउँछौँ – र तीबाट बनाइन्छौँ पनि – भन्ने धारणा यस अन्वेषणको केन्द्रमा रहेको छ ।



# Sushe Felix (1958)


"I wish to instill in my work a sense of joy along with a feeling of mystery and playfulness and hope it brings the same to those who view it."

Sushe Felix combines her ongoing interest in the American regionalist and modernist art movements from the 1930s and 40s with her desire to find new and different ways to depict the rhythms of life and the natural flow of motion found in nature. Ultimately each painting becomes a unique experience to create and an expression which Felix feels is not only beautiful, but something which also allows for an intelligent communiacation with the viewer.

Although the work is very abstract, Felix thinks of it as being symbolic of the natural world. In each piece, she strives to achieve an orderly composition of both geometric and organic form. As a native of Colorado, Felix feels her work expresses the brilliant color, dramatic forms and shapes, and the intense lights and darks of the American Southwest. Working in acrylic, she likes to add different types of texture and various hand-painted papers and foils to selected areas to attract light and add visual interest. Movement is achieved by repeating forms, shapes, and differing directions of line.

"म मेरो काममा हर्षको भावका साथमा रहस्य र चञ्चलपनको आभास भर्न चाहन्छु र आशा गर्छु कि यसलाई हेर्नेलाई पनि यसले तिनै कुरा दिनेछ ।" सुशी फिलिक्स सन् १९३० र ४० को दशकका अमेरिकी क्षेत्रीयतावादी तथा आधुनिकतावादी कलाप्रतिको आफ्नो जारी रुचिलाई जीवनका लयहरू र प्रकृतिमा पाइने गतिको प्राकृतिक बहावलाई चित्रित गर्ने नयाँ र विविध तरिकाहरूको खोज गर्ने उनको चाहनासँग सम्मिश्रण गर्छिन् । अन्ततः प्रत्येक चित्रको सृजना एक अनुपम अनुभव र एक त्यस्तो अभिव्यक्ति बन्दछ जुन फिलिक्सलाई सुन्दर लाग्ने मात्र नभएर जसले दर्शकसँगको बुद्धिमत्तापूर्ण संवाद सम्भव बनाउँछ ।

यो चित्र असाध्यै अमूर्त भए तापनि प्राकृतिक संसारको प्रतीक छ भन्ने मान्छिन् फिलिक्स । प्रत्येक अंशमा उनीले ज्यामितीय र जैविक दुवै स्वरूपको सुव्यवस्थित रचना हासिल गर्न मेहनत गरेकी छिन् । कोलोराडोकी रैथानेको नाताले फिलिक्सलाई लाग्छ उनको कलाकृतिले अमेरिकाको दक्षिणपश्चिमको चहकिलो रङ, नाटकीय आकृति तथा आकारहरू, र तीव्र उज्याला र अँधेराहरू अभिव्यक्त गर्दछ। एक्रेलिकमा काम गर्ने उनलाई प्रकाश आकर्षित गर्न र हेराइमा रुचि बढाउन विभिन्न किसिमका टेक्स्चर थप्न र चुनिएका ठाउँहरूमा हातले रङ्गाइएका कागज र फोइल थप्न मन पर्छ । दोहोर्याइएका आकृतिहरू, आकारहरू, र रेखाका विभिन्न दिशाहरूबाट गति हासिल गरिएको छ ।



# Jane Guthridge (1957)

"Moving from the Midwest to the abundant sunlight and dramatic vistas of Colorado has inspired my work. I have always been interested in looking closely at nature and find that the vast areas of wilderness in the West allow for a deeper pondering and contemplation of the ethereal qualities of the natural world—the rich colors of the land, the shapes of plants, the patterns of dappled light through trees. I abstract and reconfigure these patterns to convey the underlying rhythms and harmonies of our environment, creating a space that is somewhere between the real and the imagined.


"I employ complex layers of color and light to create the sensation of deep space, using a variety of materials that bend, refract, obscure and reveal, diffusing light in various ways. As the light changes throughout the day, the work will change as well. I think this constant change is a metaphor for life."

Jane Guthridge earned a Bachelor of Arts degree from Kent State University in Ohio and has participated exhibited in solo and group exhibitions at the Cape Cod Museum of Art, Massachusetts; the Hunterdon Art Museum, Clinton, New Jersey; and the Center for Visual Arts, among others. In 2018, she was honored as the Artist of Recognition by the Colorado Business Committee for the Arts, and represented the United States in the International Biennale of Contemporary Art in Florence, Italy, in 2003 and 2005.

